आज मिति २०८१-१०-२९ गते मंगलबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको दशौं (आ.ब. ०८१-०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष ( वडा नं. १) | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ९ | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | |
| १० | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १४ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भण्डारी बलायर | का.बा. वडा अध्यक्ष (वडा नं. ७) | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |
| १७ | श्री शिवराज रेग्मी | आर्थिक प्रशासन शाखा प्रमुख | |

के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बायल, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

मितिः २०८१ माघ २९ गते मंगलबार                                                                                    के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः१०

प्रस्तावहरु:

१) LISA को अन्तिम नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।

२) आ.व.०८१-०८२ को अर्धबार्षिक वित्तीय प्रगति प्रतिवेदन सम्बन्धमा।

३) लेखा समितिको निर्णय अनुमोदन सम्बन्धमा।

४) आ.व.०८०-०८१को म.ले.प.को प्रारम्भिक प्रतिवेदन माथि छलफल सम्बन्धमा।

५) अध्ययन विदा स्वीकृत गर्ने सम्बन्धमा।

६) जग्गा प्राप्ति गर्ने सम्बन्धमा।

७) ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धमा।

८) कक्षा-८ को बार्षिक परीक्षा संचालन सम्बन्धमा।

९) विपद जोखिम न्यूनीकरण सम्बन्धी आयोजना/ कार्यक्रम संचालन सम्बन्धमा।

१०) मुख्य प्रशासनिक भवन निर्माणको भेरिएसन स्वीकृत र भुक्तानी सम्बन्धमा।

निर्णयहरू:

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व.०८०-०८१ को यस के.आई.सिंह गाउँपालिकाले संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा जम्मा ७४.००%(चौहत्तर प्रतिशत) अंक प्राप्त गरेकोले उक्त अन्तिम प्राप्त नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व.०८१-०८२ को अर्धवार्षिक वित्तीय प्रगति प्रतिवेदन माथि छलफल गरी कार्यान्वयन गर्न बाँकी योजना तथा कार्यक्रमहरू समयमा सम्पन्न हुने गरी कार्य गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा के.आई.सिंह गाउँपालिकाको लेखा समितिले पेश गरेको प्रतिवेदन माथि छलफल गरियो।

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट आ.व.०८०-०८१ मा यस गाउँपालिकाले गरेका आर्थिक कारोबारको लेखापरीक्षण गरि प्रारम्भिक प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदन माथि छलफल गरियो।

निर्णय नं.५:

प्रस्ताव नं. ५ माथि छलफल गर्दा के.आई.सिंह गाउँपालिका अन्तर्गत बाशुदेवी स्वास्थ्य चौकीमा हे.ई समुह जनस्वास्थ्य निरिक्षक पदमा कार्यरत श्री देवराज जोशी (क सं नं २२७८१७) अध्ययनको लागी चिकित्सा शिक्षा आयोगको मिति २०८१।०५।०५ गतेको प्रवेश परिक्षामा छात्रबृद्धि कोटामा उतिर्ण भई मिति २०८१।०७।२५ गते राजर्षि जनक विश्व विद्यालयमा जनस्वास्थ्य संकायमा भर्ना भएको तथा के.आई.सिंह गाउँपालिकाको मितिः २०८१।०३।०६ को अध्यन पुर्व स्वृकिति सिफारिस र मिति २०८१।०७।१३ गतेको मनोनयनको लागि सिफारिस पत्र अनुसार मिति २०८१।०३।१९ गते स्वास्थ्य सेवा बिभाग बाट अध्यन पुर्व स्वीकृति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालायको मिति २०८१।०९।२६ गतेको मनोनयन पत्र र तिखात्तर स्वास्थ्य चौकीमा हे.ई समुह जनस्वास्थ्य निरिक्षक पदमा कार्यरत श्री गणेश आउजी (क सं नं २२६८२४) अध्ययनको लागी चिकित्सा शिक्षा आयोगको मिति २०८१।०५।०५ गतेको प्रवेश परिक्षामा छात्रबृद्धि कोटामा उतिर्ण भई मिति २०८१।०७।२७ गते मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा जनस्वास्थ्य संकायमा भर्ना भएको तथा के.आई.सिंह गाउँपालिकाको मितिः २०८१।०२।२५ को अध्यन पुर्व स्वीकृति सिफारिस पत्र र मिति २०८१।०८।०७ गतेको मनोनयनको लागि सिफारिस पत्र अनुसार मिति २०८१।०३।१३ गते स्वास्थ्य सेवा बिभाग बाट अध्यन पुर्व स्वीकृति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालायको मिति २०८१।०९।२६ गतेको मनोनयन पत्र अनुसार श्री देवराज जोशी र श्री गणेश आउजी जनस्वास्थ्य विषय स्नातक (Bachelor in public Health BPH) शैक्षिक कार्यक्रममा निजहरु कार्यरत सेवा समुहको लागि उपयोगि र आवश्यक समेत रहेकाले स्वास्थ्य सेवा ऐन २०५३ र स्वास्थ्य सेवा नियमावली २०५५ नियम ५३(१) बमोजिम जनस्वास्थ्य विषयमा स्नातक (Bachelor in public Health BPH) अध्ययनको लागि मितिः २०८१।०९।२५ गते देखि लागु हुने गरी चार बर्षको लागि तलवी अध्ययन विदा स्विकृतिको लागि श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुदुरपश्चिम प्रदेश, धनगढी,कैलाली समक्ष सिफारिस गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

के.आई.सिंह गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बयल, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

लोकेन्द्र बहादुर शाही
अध्यक्ष

मितिः २०८१ माघ २९ गते मंगलबार के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः१०

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको ४ नं. वडा कार्यालसम्म आवतजावतका लागि एकदमै साँघुरो बाटो भएकोले ४ नं. वडा कार्यालयसम्म पहुँचका लागि आवश्यक तपशील अनुसारको जग्गा प्राप्त गर्ने निर्णय गरियो।

तपशीलः

| क्र.सं. | जग्गाको क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|
| १ | ८ आना<br>(२७४.२४ वर्ग मिटर) | चन्द्र देव पाण्डेय<br>कि.नं. १८४ | बाटो<br>कि.नं. १८७ | बाटो<br>कि.नं. १८७ | बाटो<br>कि.नं. १८७ |

निर्णय नं. ७:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रारम्भिक वातावरणीय परीक्षण(IEE)बाट यस के.आई.सिंह गाउँपालिका भएर बग्ने सेती नदीका ४(चार) वटा स्टेशन मध्ये जंघार क्षेत्रको लागि ठेक्का परेको र अन्य स्टेशनहरू नारीदाङ वडा नं.२, सैन खोला वडा नं. ५ र खडायतमाण्डु वडा नं. ५मा २(दुई) पटक सम्म ठेक्का आव्हान गर्दा समेत ठेक्का नपरेकोले उक्त स्टेशनहरूबाट ढुंगा, गिट्टी, बालुवा अमानतबाट उत्खनन तथा व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ८:

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ९(नौं) वटै स्थानीय तहबाट शिक्षा विकास तथा समन्वय इकाईमा भएको कक्षा-८ को परीक्षा समय तालिका अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ९:

प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघीय सरकार, विशेष अनुदान अन्तर्गत आ.व.०८१-०८२ मा यस के.आई.सिंह गाउँपालिकाका लागि स्वीकृत **'विपद जोखिम न्यूनीकरण सम्बन्धी आयोजना/ कार्यक्रम'** बाट तपशीलका योजना तथा कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो।

तपशीलः

| क्र.सं. | योजना तथा कार्यक्रम | रकम |
|---|---|---|
| १ | जलवायु अनुकुलन सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन | ७,००,०००।- |
| २ | भौतिक पूर्वाधार निर्माण( सिंचाई पोखरी, सिंचाई कुलो, रिचार्ज पोखरी, चिस्यान केन्द्र, तटबन्ध निर्माण) | १,२५,००,०००।- |
| ३ | जलवायु परिवर्तनबाट प्रभावित बालीहरूको तथ्यांक संकलन र विपद जोखिमका बस्ती पहिचान तथा सम्बन्धीत समुदायसँग अन्तर्क्रिया संचालन | १५,००,०००।- |
| ४ | स्थानीय उद्यम विकास कार्यक्रमका लागि घरेलु एवं साना उद्यमीको छनौट र तालिम संचालन | ८,००,०००।- |
| ५ | ढडेलमाण्डौं इको पार्क निर्माण, वडा नं. ५ | १०,००,०००।- |
| ६ | बि.पि. बाटिका पार्क निर्माण, वडा नं. ६ | १०,००,०००।- |
| ७ | झिमे मा.वि.मा हरियाली विद्यालय | ८,००,०००।- |
| ८ | खानेपानी नाउला उत्खनन तथा व्यवस्थापन | ९,००,०००।- |
| ९ | बाशुदेवीमा इको पार्क निर्माण, वडा नं. ३ | ८,००,०००।- |

निर्णय नं. १०:

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न भैसकेको र निर्माण कार्य गर्दा कार्यालयले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान बमोजिम निर्माण व्यवसायीले काम गर्दा सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भई केही item र परिमाणमा थप/घट भई भवनको ड्रइङ, डिजाईन र स्पेसिफिकेशनमा केही मात्रामा परिवर्तन भएता पनि आधारभूत प्रकृति तथा क्षेत्रमा परिवर्तन नभएको, सुरूको लागत अनुमान भन्दा २.८८ प्रतिशत घटेकोले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने, स्वीकृत बजेट तथा कार्यक्रममा परेको र प्राविधिक शाखाबाट भेरिएसन गर्नुपर्नाको प्राविधिक पुष्ट्याई र कारणसहित भेरिएसन गर्न मनासिव देखिएको भनी रायसहितको प्रतिवेदन पेश हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम भेरिएसन आदेश स्वीकृत गरी कार्यालयलाई भुक्तानीका लागि निर्देशन गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

के.आई.सिंह गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, डोटी, सुदूरपश्चिम प्रदेश, नेपाल, २०७३

८/११/१८१

लोकेन्द्र बहादुर झ
अध्यक्ष

CamScanner